# अनुसूची- २

(दफा ४ तथा अनसूची-१ को भाग-१ सँग सम्बन्धित)

त्रिवेणी नगरपालिका

स्थानीय राजपत्र

| | | |
|---|---|---|
| खण्ड २०७४ | संख्या ०१ | मितिः २०७४/११/२९ |

**भाग-१**

**त्रिवेणी नगरपालिका**

## "त्रिवेणी नगरपालिकामा मदिरा प्रतिवन्द गर्न बनेको कार्यविधि " २०७४

आज्ञाले,

खगेन्द्र साउद

नि.प्रमुख प्रशासकीय अधिकृत

स्थानीय राजपत्र

त्रिवेणी नगरपालिकाद्धारा प्रकाशित

७ नं. प्रदेश, तोली,बाजुरा फाल्गुण २९ गते विहिबार,२०७४ साल संख्याः १

भाग □ १

## "त्रिवेणी नगरपालिकामा मदिरा प्रतिवन्द गर्न बनेको कार्यविधि " २०७४

**प्रस्तावना**

त्रिवेणी नगरपालिका क्षेत्रभित्र मदिरा उत्पादन, विक्री वितरण तथा ओसारपसार गर्न पुर्ण प्रतिबन्द गर्नुपर्ने आबश्यक देखीएकोले स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा १०२ को उपदफा (२) वमोजिम त्रिवेणी  नगरपालिकाको नगरसभा अधिवेशन ले यो कार्यविधि बनाई लागू गरेकोछ ।

### परिच्छेदः- १
### प्रारम्भिक

**१) संक्षिप्त नाम र प्रारम्भ :**

(१) यो कार्यविधिको नाम "मदिरा प्रतिवन्द गर्न बनेको कार्यविधि" २०७४ रहेको छ ।

(२) यो कार्यविधि स्थानीय राजपत्रमा प्रकाशन भएको मिति देखी लागु हुनेछ ।

**२) परिभाषा**

(१) विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस निर्देशिकामा

(क) "ऐन" भन्नाले स्थानीय सरकार संचालन ऐन २०७४ लाई संझनु पर्दछ ।

(ख) "नगरपालिका" भन्नाले त्रिवेणी नगरपालिकालाई सम्झनु पर्दछ ।

(ग) "कार्यपालिका" भन्नाले त्रिवेणी नगरपालिकाको कार्यापालिकालाई सम्झनु पर्दछ ।

(घ) "कार्यालय" भन्नाले त्रिवेणी नगरपालिका रहेको कार्यालयलाई सम्झनु पर्दछ ।

(ङ) "मदिरा प्रतिबन्द" भन्नाले मदिरामा पुर्ण प्रतिवन्द भएको भन्ने जनाउन्छ ।।

(च) "होटल" भन्नाले भोजन खानपिनको प्रबन्ध भई वा नभई बसोबासको सुबिधा दिने गरि व्यवसायिक आधारमा चलाइएको होटल सम्झनु पर्दछ र सो शब्दले रेष्टुरां समेतलाई जनाउँछ ।

(छ) "सभा" भन्नाले त्रिवेणी नगरपालिकाको सभालाई सम्झनु पर्दछ ।

(ज) "प्रमुख" भन्नाले त्रिवेणी नगरपालिकाको नगर प्रमुखलाई सम्झनु पर्दछ ।

(झ) “उप प्रमुख” भन्नाले त्रिवेणी नगरपालिकाको नगर उप प्रमुख सम्झनुपर्दछ ।

(ञ) “प्रमुख प्रशासकीय अधिकृत” भन्नाले त्रिवेणी नगरपालिका कार्यालयको प्रमुख प्रशासकीय अधिकृतको जिम्मेवारी वहन गरेको अधिकारी संझनु पर्दछ ।

(ट) वडा “अध्यक्ष” भन्नाले त्रिवेणी नगरपालिकाका विभिन्न वडाबाट निर्बाचित वडा अध्यक्ष सम्झनु पर्दछ ।

(ठ) “सचिव” भन्नाले त्रिवेणी नगरपालिका कार्यालयको प्रमुख प्रशासकीय अधिकृतलाई सम्झनु पर्दछ । वडाको हकमा सम्बन्धित वडा सचिव लाई सम्झनु पर्दछ ।

(ड) “तोकिएको” वा “तोकिए वमोजिम” भन्नाले नगरपालिकाले मदीरामा पुर्ण प्रतिवन्द को अवस्थालाई संम्झनु पर्दछ ।

(ढ) “समिति” भन्नाले मदिरा प्रतिबन्द गर्न बनेको समिति प्रत्येक वडामा गठित वडा स्तरिय मदिरा प्रतिवन्द समिति लाई सम्झनु पर्दछ ।

(ण) “मूल समिति” भन्नाले त्रिवेणी नगरपालिकामा गठित त्रिवेणी नगरपालिकाको मदिरा प्रतिवन्द समितिलाई सम्झनु पर्दछ ।

## समिति गठन सम्बन्धि व्यवस्था

**३) <u>मदिराको विक्री वितरणलाई व्यवस्थित गर्न देहाएको मदिरा प्रतिबन्द मूल समिति गठन गरिने छ ।</u>**

(क) नगर प्रमुख -संयोजक

(ख) उप–प्रमुख -सदस्य

(ग) वडा अध्यक्ष र कार्यपालिकाका सदस्य हरु मध्य बाट नगर प्रमुखले तोकेका ५ जना -सदस्य

(घ) ईलाका प्रहरी वा प्रहरी चौकि को प्रमुख सदस्य वा निजले तोकेको प्रहरी अधिकृत -सदस्य

(ङ) आमा समुह बाट (३) जना, बालसमुह (१), युवाहरुमध्य बाट(१), दलित बाट (१), अपाङ्ग (१) जना कार्यपालिका ले तोकेका (७) जना कम्तिमा ३ जना महिला -सदस्य

(च) उद्योग व्यवपारी हरु बाट २ जना -सदस्य

(छ) वित्तीय संस्था ,गैर सरकारी संस्था ,बौद्धीक समाज बाट प्रमुख ले तोकेको ३ जना -सदस्य

(ज) प्रमुख प्रशासकीय अधिकृत -सदस्य सचिव

## ५. मूल समितिको काम कर्तव्य र अधिकार

(क) नगरमा हुने बिकृती बिसंगति रोकन का लागी मदिरा तथा जुवातासमा पुर्ण प्रतिबन्द गर्ने गराउने ।

(ख) समाजमा प्रतिकुल असर पर्ने गरि कुनै पनि खेल व्यवसायिक रुपमा सार्वजनिक ठाँउमा खेल्न र खेलाउन नपाउने निर्देशन दिने ।

(ग) वडा स्तरीय मदिरा प्रतिबन्द समिति लाई निर्देशन दिने ।

(घ) मदिरा प्रतिबन्द को नियमन गर्न र कार्यविधिलाई कडाइका साथ लागु गर्ने गराउने ।

(ङ) यो कार्यविधि विपरीत कार्य गर्ने लाई जरिवाना गर्ने, गराउने ।

(च) मदिरा प्रतिबन्द कार्य व्यवस्थापन गर्न आवश्यक अध्ययन, अनुगमन गर्ने गराउने ।

(छ) मदिराको प्रतिबन्द गर्न प्रत्येक वडामा देहाय बामोजीम वडा स्तरीय मदिरा प्रतिबन्द समिती गठन गरिन्छ ।

(ज ) वडा समितिको काम कारवाहीको अनुगमन गर्ने गराउने ।

(झ) सार्वजनिक रुपमा धुम्रपान र सुर्तीजन्य बस्तुहरु सेवन गर्न प्रतिबन्द गरीनेछ ।

(ञ) महिलाको हकहित तथा अन्य सामाजिक विबासको काम गर्न गठित आमा समुलाई नगरपालिकाको कोषबाट आर्थिक सहयोग गरिने छ ।

(ण) नगरपालिकाको प्रत्येक प्रबेशद्धारहरुमा चेक पोष्ट राख्ने व्यवस्था गरिने छ ।

(त) वडा स्तरमा गठित मदिरा नियन्त्रण समितिलाई नगरपालिका बाट आर्थिक सहयोगको व्यवस्था गरिने छ ।

(थ) मदिरा प्रतिबन्द कार्यमा सफलता प्राप्त गर्न लागि नगरकार्यपालिकाको निर्णय अनुसार आर्थिक सहयोग गर्न सकिने छ ।

(द) सबै प्रबेशद्धार र सार्वजनिक ठाउँमा हालिङबोडको व्यवस्था गरिनेछ ।

## ६. मदिराको प्रतिबन्द गर्न प्रत्येक वडा मा देहाय बामोजीम वडा स्तरीय मदिरा प्रतिबन्द समिती गठन गरिन्छ ।

(क) सम्वन्धित वडाको वडा अध्यक्ष -संयोजक

(ख) सम्वन्धित वडाका वडा सदस्यहरु -सदस्य

(ग) ईलाका प्रहरी कार्यालय तथा वडा प्रहरि कार्यालयको इन्चार्ज वा निजले तोकेको प्रहरी कर्मचारी -सदस्य

(घ) सम्वन्धित वडाका टोल विकास संस्थाहरुको अध्यक्षहरु मध्येवाट संयोजकले तोकेको कम्तिमा एक महिला सहित २ -सदस्य

(ङ) सम्बन्धित वडाका नागरिक संगठन, संघ संस्था, आमा समुहको प्रतिनिधि मध्ये वडासमितिले तोकेको २ जना -सदस्य

(च) क्रियाशील राजनिति दलहरु बाट कम्तिमा १–१ जना -सदस्य

(छ) वडा स्तरीय बालक्लव, युवासञ्जाल, नागरीक समाज वडा अध्यक्षले तोकेको ३ जना -सदस्य

(ज) स्वस्थ चौकी प्रमुख १ जना -सदस्य

(झ) दलित नेटवर्क बाट १ जना -सदस्य

(ञ) सम्बन्धित वडाको वडा सचिव -सदस्य सचिव

७. **वडा स्तरीय मदिरा प्रतिवन्द समितिको काम कर्तब्य र अधिकार :**

(क) वडामा यस कार्यविधि वमोजिम मदिरा पुर्ण प्रतिबन्द छ छैन ? सो को अनुगमन गरी आबश्यक कारबाहिको प्रकृया पुरा गरी सो जानकारी मूल समितिलाई दिने ।

(ख) यस कार्यविधिमा भएको व्यवस्थालाई प्रभावकारी रुपमा कार्यान्वयन गर्ने ।

## परिच्छेदः–३

## मदिरा प्रतिबन्द कोष सम्बन्धि व्यवस्था

८. **यस कार्यविधि विपरित मदिरा विक्री वितरण र सेवन गर्ने ब्यक्तिबाट यस कार्यविधि बमोजिम उठेको जरिवाना रकमको ७५ प्रतिशत वडा समितिमा र २५ प्रतिशत यस समितिको बैंकमा खाता खोली छुट्टै कोष स्थापना गरिनेछ** ।

(क) मदिरा प्रतिबन्द कोषको संचालन नगर प्रमुख र प्रमुख प्रशासकीय अधिकृतको संयुक्त दस्तखतबाट गरिनेछ । वडामा रहेको ७५ प्रतिशत रकम वडाले समितिको नाममा खाता खोली, समिति संयोजक तथा सदस्य सचिवको संयुक्त दस्तखतवाट संचालन गरि आवश्यकता अनुसार खर्च गर्न सक्नेछ ।

(ख) वडा स्तरीय मदिरा प्रतिबन्द समितिले जरिवानावाट उठाएको रकम यसै कोषमा दाखिला गर्नु पर्नेछ ।

९. **कोषको रकम खर्च गर्न नगरपलिकाको निर्णय अनुसार देहाए वमोजिम खर्च गरिनेछ** ।

(क) गम्भिर रोग लागेका तर आर्थिक अभावका कारण उपचार गर्न असमर्थ भएका व्यक्तिलाई आर्थिक सहयोग गर्ने ।

(ख) घरेलु हिंसामा परेका महिलाहरुलाई आवश्यक जिवीकोपार्जनका लागि आवश्यक सहयोग गर्ने ।

(ग) बेवारिसे ब्यक्ति मरी लाश सदगद गर्नु परेमा ।

(घ) नगरपलिकाले उचित ठहऱ्याएको अन्य समाजिक सेवामा ।

(ङ) मदिरा प्रतिबन्द का बिषयमा  जनचेतनामुलक कार्यक्रमहरुमा ।

(च) आमा समुहको हकहीत र क्षमता बिकासका लागी रकम खर्च गरीन्छ ।

(छ) सरसफाई सम्बन्धी कार्यक्रममा खर्च गरीन्छ ।

(ज) साहीत्य संगीत, संस्कृत, कला, नारा, जनचेतनामुलक कार्यक्रममा खर्च गरीनेछ ।

(झ) युवा अनुशन्धान समिति ले कारबाही गरेको रकम बाट ५०% रकम प्रोत्साहन सोरुप सो रकम खर्च गरीनेछ ।

(ञ) गोप्य रुपमा  बास्तविक सुचना दिने व्यक्तिलाई प्रोत्सानको व्यवस्था गरिनेछ र नाम गोप्य रहनेछ ।

## परिच्छेद :–४

## मदिराको प्रतिबन्द  व्यवस्थापन सम्बन्धि व्यवस्था

**१०. <u>मदिराको प्रतिबन्द गर्दा समाजिक बिकृती बिशङ्गगती शान्ति सुव्यवस्थाको व्यसस्थाहुने, घरेलु हिंसा, झै-झगडा कमिहुने र शान्ति कायम हुने भएकाले त्यसकालागी ।</u>**

(क) मदिराको प्रतिबन्द गर्नेका लागी जनचेतना मुलक कार्यक्रम संचालन गर्ने ।

(ख) मदिराको खरावि बारे आमा समुह, बालक्लब, युबाक्लबहरुलाई अभिमुखीकरण तालीम गराउने ।

(ग) आयआर्जनका कार्यक्रमहरुमा लगनीको वातावरण सृजना गर्ने ।

**११. <u>कारवाही सम्बन्धी ब्यबस्था :-</u>** यो कार्यविधि  विपरित ब्रिक्री बितरण गर्ने र ढुबानी समेत गर्ने  लाई देहाए वमोजिम जरिवाना गरिनेछ ।

(क) पहिलो पटक रु.५०००।- जरिवाना

(ख) दोश्रो पटक रु. १०,०००।- जरिवाना

(ग) तेश्रो पटक रु. २०,०००।- जरिवाना

(घ) सो भन्दा वढी पटक गरेको पईएमा तेश्रो पटक गरीएको जरिवाना भन्दा डब्बल गरीनेछ ।

**१२. <u>यस कार्यविधि विपरित मदिरा सेवन गरेको पाइएमा देहाए बमोजम जरिवाना गरिनेछः-</u>**

(क) पहिलो पटक लाई रु. १,५००।- जरिवाना

(ख) दोश्रो पटक लाई रु. ३०००।- जरिवाना

(ग) तेश्रो पटक लाई रु. ४,५००।- जरिवाना

(घ) सो भन्दा वढी पटक भएमा १०,०००।- जरिवाना गरिनेछ ।

१२.२ त्रिवेणी नगरपालिका पदाधिकारीहरु र प्रमुख प्रशासकिय अधिकृत ले मदिरा शेबन गरेको प्रमाण पाएमा प्रमुखले माथि उल्लेखित जरिवानाको डब्बल सजायको साथै सार्वजनिकरण को प्रकृया अगाडी बढाउने छ । प्रमुख को हकमा उप प्रमुख मार्फत कार्यपालिकाले डब्बल को

प्रकृया अगाडी बढाउन सक्नेछ र सार्वजनिककरण गर्ने । कर्मचारीहरु को हकमा प्रमुख प्रशासकिय अधिकृतले बिभागीय कारवाही का साथै सार्वजनिकरण को प्रकृया अगाडी बढाउने छ ।

१२.३ बिधालय समयमा कुनै शिक्षकले मदिरा तथा मदिराजन्य सेबनगरी उपस्थित भएको जानकारी पाप्त भएमा नगरकार्यपालिकाको शिक्षाशाखामा रहेका शिक्षाशाखा प्रमुख मार्फत प्रमुख प्रशासकिय अधिकृत लाई जाकारी लिखित बा मौखीक रुपमा दिएमा बिभागीय काबाहिको लागी प्रक्रिया अगाडि बढाउनु पर्ने छ ।

१२.४ त्रिवेणी नगरपालिका भित्रको कुनै पनि जिम्मेबार पक्षले यो कार्यबिधि बिपरीत कार्य गरीएको पइएमा दफा १२ घ अनुसार कारबाही गरीनेछ ।

१२.५ त्रिवेणी नगरपालिका भित्रका बासीन्दाहरुले यो कार्यबिधि बिपरी कार्य गरेमा नगरपालिका बाट पाइने सम्पुर्ण सेवा सुबिँधाहरु रोकनकालागी मुलसमितिले कार्यपालिकामा सिफारीस गर्नेछ र रोक्काको प्रक्रिया अगाडि बढाइने छ ।

१२.६ मुलसमितिले सेबा सुबिधाहरु रोकनकालागी कारवाहिको सिफारीस कार्यपालीकाले अनुसन्धान र अनुगमन गरी सेबा सुबिधाहरु रोकनकालागी उचित कारबाहि गर्नेछ ।

१२.७ मदिरा दुबानी गरेको सवारी साधन पाईएमा सो सवारी साधन लाई त्रिवेणी नगरपालिका भित्र संचालन गर्न बाट रोक लगाईने छ ।

१२.८ मदिरा प्रतिबन्दका लागि त्रिवेणी नगरपालिका छिमेकि नगरपालिका र छिमेकि जिल्ला संग सहयोग को लागी समन्वय गरीनेछ ।

१२.९ यो कार्यबिधि कार्यन्वयन का लागि सरकारी तथा गैर सरकारी निकायहरु संग सहयोगको लागि आग्रह गरीनेछ ।

१२.१० यो कार्यबिधि कार्यन्वयन गर्नकालागि नेपाल प्रहरीको सहयोग लिनसकीनेछ ।

१२.११ यो कार्यबिधि कार्यन्वयनका लागि सहयोग पुर्याउने सम्पुर्ण सरकारि निकाय, गैरसरकारि संघसंस्थाहरु, बिद्यालय, राजनैतिक दल, बुद्धिजीवि तथा सर्वसाधारण सम्पुर्ण महानभावहरुलाई सहयोग गरेको गोप्य अभिलेख राखी उचित सम्मान र पुरुस्कार को व्यवस्था गरीनेछ ।

(ग) यस कार्यविधिको पालना नगर्नेलाई यस कार्यविधि वमोजिम जरिवाना गर्ने । जरिवाना तिर्न अटेर गरेमा सो को जानकारी मूल समितिलाई दिने ।

(घ) समय समयमा मूल समितिले दिएको आदेश निर्देशनको पालना गर्ने गराउने ।

(ङ) यस कार्यविधि वमोजिम आफुले गर्नु पर्ने अन्य कार्य गर्ने ।

१२.३ यदी कुनै व्यक्तिले उपरोक्त अनुसारको जरिवाना तिर्न इनकार गरेमा निजलाई वडा कार्यालय तथा नगरपालिकावाट प्राप्तहुने सेवा सुविधा रोक्का राखी कार्यवाही गरीनेछ ।

**१३. <u>युवा अनुसन्धान समिति</u> :** मदिरा प्रतिबन्ध कार्यविधि लाई कार्यन्वयन गर्न युवा अनुशन्धान समिति गठन गर्ने ।

१३.१ मदिरा प्रतिबन्ध युवा अनुशन्धान समितिमा ११ सदस्य समिति गठन गर्ने ।

१३.२ अध्यक्ष

१३.३ ९ जना ☐ सदस्य

१३.४ प्रमुख प्रशासकिय अधिकृतले तोकेको नगरपालिकाको कर्मचारी १ जना ☐ सदस्य सचिव ।

**१४ . युवा अनुसन्धान समितिको काम, कर्तव्य र अधिकार**

१४.१ सुराकी ले दिएको सुचनाको आधारमा अनुसन्धान गर्ने, यदि सो सुचना सही भएको खण्डमा निजसंगभएको मदिरा तुरुन्तै बरामत गरी कारबाहीको सिफारीस वडासमिति मार्फत मुल समिति लाई जानकारि गराउर्ने ।

१४.२ मालबाहक सवारी साधनमा मदिरा वसारपोसार गरेको शंका पाएमा तुरुन्तै त्यसको अनुसन्धानगरी वरामत गरेको मदिरा बडा समितिलाई बुझाउने र मुल समिति लाई जानकारी दिने ।

१४.३ बरामद मदिरालाई प्रहरिको रोहवरमा नष्ट गराउने

१४.४ हप्ता पिक्षे रिपोट तयार गरी मुल समिति लाई बुझाउने ।

**१५. आमा समुह गठन गर्ने :** मदिरा तथा जुवातास प्रतिबन्द कार्यविधि लाई कार्यन्वयन गर्न उपप्रमुख को नेत्वृतमा आमा मुल समुह समिति गठन गर्ने ।

१५.१ उप प्रमुख – संयोजक

१५.२ प्रत्येक वडाको आमा समुहबाट ९ जना – सदस्य

१५.३ प्रमुख प्रशासकिय अधिकृतले तोकेको नगरपालिकाको महिला कर्मचारी १ जना – सदस्य सचिव

**१६. आमा मुल समुहको काम, कर्तव्य र अधिकार :**

१६.१ यो कार्यविधि कार्यन्वयन गर्न क्रियाशिल रहने,

१६.२ यो कार्यविधि विपरीत अवैद्य रुपमा ब्रिक्री, बितरण तथा जुवातास खेल्ने लाई नियन्त्रण गर्ने ।

१६.३ महिलाहरु लाई जनचेतना, सरसफाई, प्याली, संस्कृतीक कार्यक्रम को आयोजना गर्ने ।

१६.४ मदिरा तथा जुवातास को कारणहुने महिलाहिंसा, छुवाछुत, झैझगडा, बालविवाह, रोकथाम को लागी आबश्यक कार्य गर्ने ।

१६.५ महिलामैत्रि, बलमैत्रि, अपाङ्गमैत्रि जस्ता कार्यहरु गर्ने गराउने ।

१६.६ सरसफाईका अभियानहरु चलाउने तथा त्रिवेणी नगरपालिकालाई मदिरा, जुवातास मुक्त नगरपालिका निमार्ण गर्न सहयोग पुगाउने ।

१६.७ समाजिक रुढीबादी प्रथा जस्तै, छाउपडी प्रथा, छुवाछुत, बालबिवाह तथा अन्य सामाजीक रुढीबादी प्ररम्परा न्युनीकरण गर्ने कार्य गर्ने गराउने ।

१६.८ वाताबरण प्रर्यावरण लाई अनुकुल बनाउन वृक्षारोपण, बनजंङगल संरक्षण को कार्यक्रमहरु गर्ने गराउने ।

१६.९ मासिक रुपमा रिपोट बनाई नगरकार्यसभामा पेश गर्ने ।

१६.१० बिपत परेका लाई सहयोग गर्ने र बिपत व्यस्थापनको लागी पुर्व तयारी गर्ने गराउने ।

**१७. <u>बडा आमा समुह :</u>**

१७.१ मदिरा तथा जुवातास प्रतिबन्द कार्यविधि लाई कार्यन्वयन गर्न जननिर्वचित महिला सदस्य को नेत्वृतमा ५ सदस्य आमा समुह समिति गठन गर्ने ।

१७.२ एकल महिला १ जना — सदस्य

१७.३ दलित महिला १ जना — सदस्य

१७.३ खुला ३ जना — सदस्य

**१८. <u>वडा आमा समुह को काम कर्तव्य तथा अधिकार :</u>**

१८.१ मासीक बैठक गर्ने ।

१८.२ मदिरा वसारपोसार गरेको थाहा पाएमा वडा मा जानकारी गरी तुरुन्तै कारबाही गर्ने र मुल समिति लाई पनि जानकारी गराउने ।

१८.३ आफनो वडामा जनचेतनामुलक कार्यक्रमहरु संचालन गर्ने ।

१८.४ आ आफनो बडा लाई मदिरा तथा जुवातास मुक्त बडा घौषण गरी कामहरु अधि बढाउने ।

१८.५ यदि मदिरा तथा जुवातास प्रतिबन्द गर्न असहज वातावरण सिर्जना गर्ने जो सुकैलाई पनि कावाही गर्ने ।

१८.६ शंका लागेको ठाँउमा गई अनुसन्धान गर्ने र यदि सो अनुसन्धान मा मदिरा बरामत गरेको खण्डमा बडा लाई जानकारी गरी तुरुन्तै कारवाहि गर्ने र सो जनकारी मुल समिति लाई पनी दिने ।

१८.७ आ आपनो वडामा सरसफाई, वृक्षारोपणका साथै अन्य प्राकृतीक, संस्कृतीक सम्पदाहरु को संरक्षण तथा सम्बद्धन गर्ने ।

१८.८ बिपत परेका लाई सहयोग गर्ने र बिपत व्यस्थापनको लागी पुर्व तयारी गर्ने गराउने ।

**१९.** मदिरा नविकरण सिफारिस पुर्णरुपमा बन्द गरीनेछ र इजाजत खारीजिको लागी सम्बन्धित निकायमा पहल गरिनेछ ।

**२०. <u>नगरवासीको कर्तब्य</u>** :— यो कार्यविधिलाई कायन्वयन गर्न गराउन प्रत्येक नगरबासीको कर्तब्य हुनेछ ।

**२१. कार्यविधि अन्तर्गत रहि यो निर्देशिका कार्यन्वयन गर्न नगरपलिकाले अन्य उपयुक्त आदेश जारी गर्न सक्नेछ ।**

**२२. मदिरा प्रतिबन्धका लागी नगरपालिकाले आवश्यकता अनुसार कार्यविधी बनाई अनुगमन, नियमन गरी  लागू गर्न सक्नेछ ।**

**२३. आबश्यक परेको खण्डमा शनसोधन गर्न सकिन्छ ।**

**२४. यदि युवा अनुशन्धान समिति आवश्यक नपरेको खण्ड मा दफा ९ को झ लाई खारिज र्गन सक्नेछ ।**

आज्ञाले,

खगेन्द्र साउद

नि.प्रमुख प्रशासकीय अधिकृत